नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

(.......................................................शाखा)

फोन नं. ४२६२३५९०
४२६२८०२
४२६२७०६
४२६२९३५
४२६२८६२
४२२३५८०

सिंहदरबार,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति : २०८३/०४/११

११४६ दिल्लाश्व

विषय :- **नारायणी अस्पताल, वीरगञ्जमा भएको घटनाका सम्बन्धमा ।**

नारायणी अस्पताल, वीरगञ्जमा उपचारका क्रममा बिरामीको दुःखद निधन भएको घटनाप्रति मन्त्रालय गहिरो दुःख व्यक्त गर्दछ तथा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।

उक्त घटनापछि अस्पतालमा भएको तोडफोड तथा उपचारमा संलग्न चिकित्सक एवं स्वास्थ्यकर्मीमाथि भएको आक्रमणप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। बिरामीको जीवन बचाउन दिनरात सेवामा खटिने स्वास्थ्यकर्मीबाट कुनै त्रुटि हुन गएमा त्यसको छानबिन तथा न्यायका लागि प्रचलित कानुनबमोजिम हुने व्यवस्था विद्यमान छन्। मन्त्रालय यस प्रकारका हिंसाका घटना प्रति शून्य सहनशीलताको नीति पुनः दोहोर्याउँछ।

स्वास्थ्य क्षेत्र एक अत्यन्त सम्बेदनशील क्षेत्र हो । त्यसैले उपचारमा संलग्न हुने सेवाग्राही र सेवा प्रदायक सबैले यो संबेदनशीलता बुझ्नु महत्वपूर्ण छ । सबै अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई बिरामीको सेवामा निर्भय, सुरक्षित, उच्च मनोबलका साथ निरन्तर सेवामा समर्पित हुने बातावरण बनाउन मन्त्रालय कटिबद्ध छ । त्यसैले चिकित्सक तथा स्वास्थ्यकर्मीहरू सबैलाई सेवा सुचारू गर्नु हुन, स्थानीय प्रशासनलाई घटनामा संलग्न दोषी पत्ता लगाई कानूनी कारबाहीको दायरामा ल्याउन हुन र सर्वसाधारणसबैलाई अस्पतालको संबेदनशिलतालाई बुझेर सेवा निरन्तर हुने बातावरण बनाइदिनु हुन अनुरोध छ । त्यसैले सबैलाई संयमित हुन र अस्पतालको सेवा सुचारू गर्न आफ्नो ठाउँबाट सहयोग गरिदिनुहुन मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

डा. समिरकुमार अधिकारी
सह-प्रवक्ता